अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं।

मितिः २०८२/०३/११ गते।

प्रेस विज्ञप्ति

बिषयः- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सप्तरीका तत्कालीन कार्यालय प्रमुख, बरिष्ठ पशु बिकास अधिकृत डा. प्रभात झासमेत ३ जना र कम्पनी उपर गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धी आरोपपत्र दायर।

जिल्ला सप्तरी, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले निर्माण व्यवसायी मध्ये एक मात्र निर्माण व्यवसायीलाई रेस्पोन्सिभ गरी आर्थिक प्रस्ताव खोलिएको हुँदा प्राविधिक र आर्थिक मूल्याङ्कन पुनरावलोकन गरी पाउँ भन्ने व्यहोराको उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सप्तरीले. VOLEC/NCB/2079/80/01, Construction Work of Veterinary Office Building,Saptari को ठेक्का सम्बन्धी बोलपत्र आव्हानको सूचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा (१) बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेमा सूचना लुकाई छिपाई, सार्वजनिक रूपमा प्रकाशन नगरी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सप्तरीको ठेक्का अभिलेखमा राख्ने प्रयोजनार्थ सौर्य राष्ट्रिय दैनिक पत्रिकामा एक प्रति मात्र सूचना प्रकाशन गरेकोमा प्रेश काउन्सिल नेपालको मिति २०८२।०२।०२ गतेको पत्रबाट भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सप्तरीको भवन निर्माण सम्बन्धी बोलपत्र आव्हानको कुनै पनि सूचना नरहेको भनी लेखी आएको हुँदा प्रतिवादीहरुको मिलेमतोमा झुट्टा बिल तयार गरी रू.१,२९,६६७।—(एक लाख उनान्तीस हजार छ सय सतसट्ठी रुपैयाँ) भुक्तानी दिए लिएको देखिंदा उक्त कार्यमा संलग्न देहाय बमोजिमका प्रतिवादीहरू उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

देहाय

सि.नं.	नाम थर पद कार्यालय	विगो रु.	कसुर तथा सजायको मागदावी
१	भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सप्तरीका तत्कालीन कार्यालय प्रमुख, बरिष्ठ पशु बिकास अधिकृत **डा. प्रभात झा** र तत्कालीन सह लेखापाल **अनिल लिम्बु**	रू.१,२९,६६७।—	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना सजाय गरी उल्लिखित बिगो असूल उपर हुन मागदाबी लिइएको छ ।

२	Modak Advertising Pvt. Ltd तथा सोका प्रोपाइटर **कौशल राज सिंह**	रू.१,२९,६६७।—	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरजन्य कार्यको गैरकानूनी लाभ आफूले प्राप्त गर्ने तथा अन्य प्रतिवादीहरु राष्ट्रसेवक द्वयलाई गैरकानूनी लाभ उपलब्ध गराई दिने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय गरी विगो असुल उपर हुन मागदावी लिइएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल